आज मिति २०७८ साल जेठ १८ गतेका दिन मकवानपुरगढी गाउँपालिका को अध्यक्ष श्री विदुर हुमागाईं ज्यू को अध्यक्षतामा कार्यपालिकाको बैठक बसि देहायको उपस्थितिमा देहायको निर्णयहरु गरियो।

उपस्थिति

१. अध्यक्ष श्री विदुर हुमागाईं

२. उपाध्यक्ष श्री हर्कमाया रुम्बा

३. का.पा. सदस्य: श्री आइत सिं लो

४. का.पा. सदस्य: श्री नरवान सिं पाख्रिन

५. " " श्री भागवत घिमिरे

६. " " श्री राम प्रसाद तिमल्सीना

७. " " श्री जित बहादुर घिमिरे

८. " " श्री टिका प्रसाद दाहाल

९. " " श्री सूर्य बहादुर रुम्बा

१०. " " श्री कुमार सिं थिसिङ

११. " " श्री सुरेन्द्र कुमार

१२. " " श्री चिनीमायाँ लुङ्वा

१३. " " श्री अञ्जु योञ्जन

१४. " " श्री बुद्धिमाया योञ्जन

१५. " " पातली माया गोले

१५ ।। निर्मला विश्वकर्मा

१८। प्र.प्र.अ. श्री भिम बहादुर परियार

प्रमाणित

मकवानपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली,मकवानपुर

मिति २०७५।०२।१८ गतेको कार्यपालिका वैठकका प्रस्ताव तथा कार्यसूचिहरु

**प्रस्तावहरु**

१. ढुंगा गिटि, वालुवा सम्वन्धमा

२. हेटौडा उपमहानगरपालिका संग सहभागीतामा योजना संचालन सम्वन्धमा ।

३. योजनाको म्याद थप सम्वन्धमा ।

४. खाजा भत्ता उपलब्ध गराउने सम्वन्धमा ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर

**निर्णयहरु**

प्रस्ताव नं.१ माथि छलफल गर्दामकवानपुरगढी गाउ पालिकामा संचालित क्रसर उद्योगहरु वन्द हुदा गिटि वालुवा र क्रसरजन्य उत्पादनले सम्पुर्ण विकास निर्माणको काम रोकिन जानुका साथै भुकम्प प्रभावित लाभग्रहीहरुको पुननिर्माणको काम समेत पुर्ण प्रभावित भएको प्रति गाउ कार्यापालिकाको ध्यान आकृष्ट भएको छ । यस समस्यालाइ हल गर्न सम्वन्धीत पक्ष र निकायहरु संग परामर्श र छलफल गरी हाल संचालित क्रसरहरुमा स्टक जम्मा गरी राखेको नदिजन्य पदार्थवाट क्रसर संचालन गरी आवश्यक गिटि वालुवा सहज रुपमा उपलव्ध गराउने अन्तरीम व्यवस्था गरि जाने निर्णय गरियो । साथै हाल संचालित क्रसर उद्योगहरुको नविकरण सम्वन्धि उठेका विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को ११ दफा को उपदफा २ मा भएको गाउपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्थाको (प) ७ मा भएको व्यवस्था अनुसार ( ढुंगा, गिट्टी, वालुवा, नुन, माटो, खरिढुङ्ग तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण उत्खनन् तथा उपयोगको दर्ता अनुमती, नविकरण, खारेजी र व्यवस्थापन ) गर्ने कार्य गाउ पालिकाको अधिकार क्षेत्र भित्र पर्ने भएको हुदा सोको अधिकार प्रयोग गरि आवश्यक कार्यविधि तयार गरि २०७५ असारको गाउ सभा वाट अनुमोदन गरि आउदो आ.व. ०७५/०७६ श्रावण देखि लागु गर्ने निर्णय गरियो । साथै यस निर्णयको सहजिकरण र सहयोग पुरयाउन जिल्ला अनुगमन समिति, जिल्ला समन्वय समिति र जिल्ला प्रहरी कार्यालयलाइ अनुरोध गर्ने सर्व सम्मत निर्णय गरियो । जिल्ला समन्वय समिति मकवानपुरले गत आवमा वातवारणीय प्रभाव मुल्याङ्कन गरि यस आव मा उत्खन गर्न वाकी रहेको सामरी खोलाको वल्क नंम्वर १० को (गुर्दुम खोला दोभानदेखी भालु खोला सम्मको खण्ड) मा उत्खनन स्विकृतकोलागी जिल्ला अनुगमन समितिलाइ अनुरोध गर्ने भनि निर्णय गरियो ।

Scanned with CamScanner

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस गाउपालिका संग जोडिएको हेटौडा उपमहानगरपालिका संग आगामी आ.व ०७५/०७६ गाउ नगर साझेदारी अवधारणामा मा तपसिल वमोजिमका योजनाहरु संचालन गर्नको लागी हेटौडा उपमहानगरपालिका संग प्रस्ताव अगाडी वढाउने भनि सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. सिचाइ टोल- मनकामना सडक

२. चौघडा- मक्रान्चुली सडक

३. दोभानचौर- फुलवारी सडक

४. एक्लेखेत देखि लेनडाडा सडक

५. हैटौडा पाथीभरा र मनकामना केवुलकार सम्भावयता अध्ययन गर्ने

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउपालिकाको गाउ सभा वाट स्विकृत आ.व. ०७४/०७५ को योजना संचालनको गर्न यस गाउपालिकामा गठन भएका विभिन्न उपभोक्ता समितिहरुले २०७५/२/१५ गते सम्म योजना सम्पन्न गर्न भनि यस गाउकार्यापालिका संग सम्झौता गरेकोमा सो समय सिमा भित्र योजना निर्माण गर्न नसकिएको भनि यस कार्यालयमा निवेदन प्राप्त भएको हुदा यसरी काम सम्पन्न नभएका योजनाहरुको म्याद २०७५/३/५ गते सम्म म्याद थप गर्ने भनि सर्वसम्मत निर्णय गरियो साथै सो समय सिमा भित्र पनि योजना सम्पन्न नहुने योजनाको म्याद नथपिने भएकोले सो योजनाको रकम फ्रिज भएमा सो को जिम्वेवार स्वयम उपभोक्ता समिति नै हुने भनि सर्व सम्मत निर्णय गरियो ।

प्रस्ताव नं ४ माथि छलफल गर्दा चालु आर्थिक वर्षको योजना तथा कार्यक्रम सूचारु,समयमै तथा गुणस्तरिय हिसाबले सम्पन्न गर्न कार्यचाप भएको देखिन्छ । सो सम्वन्धमा यस गाउँपालिकाको देहायको शाखा तथा उपशाखामा कार्यरत कर्मचारीहरु कार्यालय समय वाहेक विहान वेलुका समेत कार्यलयमा उपस्थित भै योजना तथा गाउँसभा सम्पन्न गर्न अतिरिक्त समय काम गर्नु पर्ने भएकोले चालु आर्थिक वर्ष २०७४।०७५ को असार महिनाको लागि मात्र दैनिक रु. ३५०।-(कर सहित) रकम दैनिक हाजिरी प्रमाणितको आधारमा देहायको कर्मचारीलाई कन्टेन्जेन्सी रकमबाट खाजा भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | नाम थर | शाखा | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | भिम वहादुर परियार | | कार्यालय प्रमुख | असार महिनाको हाजिरीको आधारमा |
| २ | श्री दिपक गौतम | प्राविधिक शाखा | ईन्जिनियर | असार महिनाको हाजिरीको आधारमा |
| ३ | श्री यूवराज पौड्याल | अनुगमन तथा प्रशासन शाखा | ना.सु. | असार महिनाको हाजिरीको आधारमा |
| ४ | श्री प्रकाश न्यौपाने | योजना शाखा | ना.सु. | असार महिनाको हाजिरीको आधारमा |
| ५ | श्री होमराज ढुंगेल | आर्थिक प्रशासन शाखा | लेखापाल | असार महिनाको हाजिरीको आधारमा |
| ६ | श्री रुपक घोरासैनी | प्रविधिक शाखा | सव ईन्जिनियर | असार महिनाको हाजिरीको आधारमा |
| ७. | श्री समिर दाहाल | प्रविधिक शाखा | सव. ईन्जिनियर | असार महिनाको हाजिरीको आधारमा |
| ८ | श्री मनोहर घिमिरे | प्रविधिक शाखा | अ.स.ई | असार महिनाको हाजिरीको आधारमा |
| ९ | विष्णू प्रसाद ढुंगाना | प्रविधिक शाखा | खा.पा.स,टे | असार महिनाको हाजिरीको आधारमा |
| १० | श्री हरि प्रसाद देवकोटा | मकवानपुरगढी गा.पा. | कार्यालय स. | असार महिनाको हाजिरीको आधारमा |

Scanned with CamScanner